सम्पर्क नं. : ०२५५४००२४

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
प्रदेश नं. १, नेपाल

प. स. :-२०७८/०७९
च. नं. :- 912

मिति: २०७८।०४।२२

सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयहरु सबै
दुहवी नगरपालिका दुहवी सुनसरी ।

**विषयः आदेश कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय सूचना आयोगको च.नं. ६२५ मिति २०७७।११।१६ को प्राप्त पत्र अनुसार सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा १९ को प्रकरण (ङ) बमोजिम सूचनाको हकसम्बन्धी ऐनले तोकेको दायित्व पालना गर्न गराउन जारी भएको आदेश प्राप्त भएको छ । विद्यालयमा हुने काम कारवाही खुला पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ बमोजिम सार्वजनिक गर्नुपर्ने विवरण यसै पत्र साथ संलग्न राष्ट्रिय सूचना आयोगवाट भएको आदेशमा समेत रहेको हुँदा आदेश अध्ययन गरी सो अनुसार गर्नुहुन निर्देशानुसार अनुरोध छ ।

२०७८।०४।२२

विकास घिमिरे
शाखा अधिकृत (शिक्षा)

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग**
**सूचना आयुक्त कमला ओली थापा**
**सूचना आयुक्त रत्नप्रसाद मैनाली**
**बाट भएको**
**आदेश**

श्री प्रमुख प्रशासकीय अधिकृत
दुहवी नगरपालिका, सुनसरी

**बिषय : सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को प्रकरण (ङ) बमोजिम सूचनाको हकसम्बन्धी ऐनले तोकेको दायित्व पालना गर्न गराउन जारी भएको आदेश ।**

नेपालको संविधानले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको प्रत्याभूत गरेको छ । संविधानको धारा (२७) मा सूचनाको हकको हक अन्तर्गत प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । यसरी नागरिकलाई सूचनाको हकको प्रत्याभूति प्रदान गरिएकोले संविधानको यस धाराको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको हो ।

लोकतन्त्रमा नागरिकको सूचनाको हकलाई राज्यको सबै संरचनाले उच्च सम्मानका साथ पालना गर्ने गर्दछन् । नेपालको संविधानको भाग-५ मा राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड अन्तर्गत धारा ५६ को उपधारा (१) मा "संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ" भन्ने व्यवस्था छ । यसैगरी संविधानको धारा ५७ को उपधारा (४) मा "स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुनेछ" भन्ने व्यवस्था छ । यस अतिरिक्त संविधानको भाग १७ मा स्थानीय कार्यपालिका, भाग १८ मा स्थानीय व्यवस्थापिका भाग १९ मा स्थानीय आर्थिक कार्यप्रणाली र अनुसूची ८ स्थानीय तहको अधिकार सूची लगायतको संवैधानिक प्रावधानको आधारमा राज्यको संरचनाभित्र रहेका संघ, प्रदेश र स्थानीय तह आ-आफ्नो क्षेत्रगत अधिकार र जिम्मेवारीका कारण महत्वपूर्ण निकायका रुपमा रहेको प्रष्ट हुन्छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच रहने सुनिश्चितता प्रदान गरेको छ । ऐनमा सार्वजनिक निकाय भन्नाले संविधान अन्तर्गतका निकाय, ऐन द्वारा स्थापित निकाय, नेपाल सरकारद्वारा गठित निकाय, कानूनद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक संगठित संस्था वा प्रतिष्ठान, प्रचलित कानून बमोजिम दर्ता भएका राजनीतिक दल तथा संगठन, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा नेपाल सरकारको अनुदान प्राप्त संगठित संस्था, नेपाल सरकार वा कानूनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको संगठित संस्था, प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट रकम प्राप्त गरे र सञ्चालन भएका गैरसरकारी संघ/संस्थाहरू, नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्थालाई समेटिएको छ । साथै सार्वजनिक निकायका विभिन्न जिम्मेवारीहरू पनि तोकेको छ । यीमध्ये महत्वपूर्ण जिम्मेवारीमा आफ्ना काम-कारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुल्ला र पारदर्शि

तुल्याउनु, नागरिकप्रति जवाफदेही र जिम्मेवारी वहन गर्नु, आफ्नो निकायमा रहेका सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज तुल्याउनु तथा नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न सूचनाको वर्गिकरण गर्नुपर्ने विषयहरू पर्दछन् । यसैगरी नागरिकले माग गरेको सूचनाप्रति उच्च सम्मान प्रकट गर्नु, सूचना प्रवाहमा सक्षम तुल्याउन आफ्ना कर्मचारीलाई तालीम दिनु, आफ्नो निकायसम्बन्धी कम्तिमा बीस वर्षसम्मका सूचना अद्यावधिक गरी राख्नु, प्रत्येक ३/३ महिनामा आफ्नो निकायसम्बन्धी विवरण सार्वजनिक गर्नु (Pro–Active Disclosure), यस बाहेक नागरिकबाट अतिरिक्त माग गरिने सूचना प्रवाह गर्न अधिकार र सूचना सम्पन्न सूचना अधिकारी तोक्नु, नागरिकबाट माग भएका सूचनामध्ये जीउ ज्यानको सुरक्षासँग सम्बन्धित भए चौबिस घण्टाभित्र र अन्य अवस्थामा अधिकतम् १५ दिनभित्र नागरिकले माग गरेकै स्वरुपमा सूचना उपलब्ध गराउनु सार्वजनिक निकायको कर्तव्य हो । संविधान र कानुनद्वारा निर्दिष्ट यी सबै जिम्मेवारी पूर्ण रुपले पालना गर्नु सार्वजनिक निकायको प्रमुख दायित्व हो ।

सुशासन, पारदर्शिता, जवाफदेही शासन प्रणाली, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिक सशक्तिकरण जस्ता लोकतन्त्रका आधारभूत स्तम्भको प्राप्तिका लागि संविधानले निर्दिष्ट गरेको भावनालाई आत्मसात् गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको छ । यस ऐनको प्रस्तावनामा राज्यका काम कारबाही लोकतान्त्रिक पद्दति अनुरुप खुला र पारदर्शि बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउन प्रस्तुत कानून जारी भएको कुरा व्यक्त भएको छ । यसर्थ संविधानले परिभाषित गरेको स्थानीय तह लगायत सबै सार्वजनिक निकायले सूचनाको हकको प्रभावकारी प्रचलन गर्नु गराउनु पर्ने कुरा स्पष्ट नै छ । स्थानीय तह आम जनताको सर्वाधिक नजिकमा रहने संस्था हो । यस संयन्त्र प्रति आम जनताको उच्च अपेक्षा र विश्वास रहेको छ । यसर्थ यस्तो महत्वपूर्ण निकायका काम कारबाही जति खुला, पारदर्शि, उत्तरदायी र जवाफदेही ढंगले संचालन हुन सक्यो सोही हदमा आम नागरिकले लोकन्त्रको अनुभूति गर्न सक्तछन् । साथै नागरिकको सूचनाको हकको प्रभावकारी प्रचलनबाट भ्रष्ट्राचार नियन्त्रण हुने, बिधिको शासन लागू हुने, नागरिक बीचको बिभेद अन्त्य हुने र सुशासन कायम हुने हुन्छ । यही सुशासनको माध्यमद्वारा आम जनताले अपेक्षा गरेको सुख, समृद्धि र बिशिष्ट पहिचान निर्माण गर्न सकिने हुन्छ ।

नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ भन्ने संवैधानिक व्यवस्था गरेको छ । उक्त संविधानको मौलिक हकका रुपमा रहेको शिक्षा सम्बन्धी हक कार्यान्वयन गर्ने जिम्मेवार निकायका रुपमा केन्द्रमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ भने प्रदेश, स्थानीय तहको पनि उत्तिकै जिम्मेवारी रहेको हुन्छ । शिक्षा देश विकासको मेरुदण्ड हो र विकासको प्रमुख पूर्वाधार पनि हो । शिक्षामा गरेको लगानीलाई सर्वोत्कृष्ट लगानीका रुपमा लिई राज्यको प्रमुख प्राथमिकताको क्षेत्रमा शिक्षा क्षेत्र रहेको हुन्छ । यसै कुरालाई ध्यानमा राख्दै भविष्यका कर्णाधारका रहेका बालबालिकाको अध्ययन अध्यापन गरिने विद्यालयहरूमा हुने क्रियाकलाप र गतिविधिका विषयमा विद्यालयमा अध्ययन गर्ने विद्यार्थी, अध्यापन गराउने शिक्षक, विद्यार्थीका अभिभावक, समुदाय, शिक्षाविद्, नीतिनिर्माता, सर्वसाधारण जनता लगायत अन्य सरोकारवालाहरूको चासो रहनु स्वभाविक हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम आधारभूत र माध्यमिक शिक्षाको नीति योजना, कार्यक्रम कार्यान्वयन तथा अनुगमन मूल्यांकन तथा नियमन गर्ने निकायको रुपमा स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको परिप्रेक्ष्यमा ती निकायबाट हुने काम कारवाही खुला पारदर्शी, उत्तरदायी र जवाफदेही हुन सकेमा मात्र आम नागरिकले लोकतन्त्रको अनुभूति गरेको महसुश हुन्छ । लोकतन्त्रको महसुस हुने गरी स्थानीय तहहरूलाई परिचित गराउनु यस आयोगको दायित्व हो ।

यी विषयलाई मनन् गरी राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को प्रकरण (ङ) बमोजिम त्यस स्थानीय तहको कार्यक्षेत्र भित्र रहेका विद्यालयहरूमा देहाय बमोजिम गर्ने गराउने गरी गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको कार्यालय प्रमुखका नाममा यो आदेश जारी गरिएको छ :

१. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम आर्थिक वर्षका आधारमा प्रत्येक ३।३ महिनामा तहाँ निकायबाट सम्पादित काम सो अवधि व्यतित भएको १५ दिनभित्र अनिवार्य रुपमा नियमित ढंगले सार्वजनिक गर्ने गराउने व्यवस्था मिलाउनू ।

२. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ र नियमावली, २०६५ को नियम २४क बमोजिम सूचना अधिकारी तोकी निजको सम्पर्क नम्बर र फोटो सहितको विवरण फ्लेक्स बोर्ड वा अन्य उपयुक्त माध्यमद्वारा सार्वजनिक गर्ने गराउने व्यवस्था मिलाउनू ।

३. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ को उपदफा (३) बमोजिम सूचना शाखा वा सूचना केन्द्र जस्ता निकाय/संयन्त्र खडा गर्ने पहल गर्नुका साथै सूचना माग र प्रवाहको छुट्टै अभिलेख राख्ने व्यवस्था गर्नू गराउनू । यी कानूनी व्यवस्थाको पालना र प्रभावकारी कार्यान्वयनका लागि तपसिलको ढाँचामा अभिलेख राख्ने व्यवस्था मिलाउने ।

४. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ४ अनुसार आफ्ना कर्मचारीलाई सूचनाको हकमा तालीम दिने र आफ्ना निकायसँग सम्बन्धित सूचनामा नागरिकको पहुँच सरल र सहज तुल्याउन विभिन्न राष्ट्रिय भाषा र आम सञ्चारका माध्यमको उपयोग गर्ने ध्येयका साथ विद्युतीय सञ्चार प्रणाली लागू गर्नू र विद्युतीय अभिलेख प्रणाली स्थापना गर्ने व्यवस्था मिलाउनू ।

५. त्यस निकायबाट जारी गरिने कानून, नीति, वार्षिक कार्ययोजना, दीर्घकालीन सोच जस्ता दस्तावेजहरू तयार गर्दा नागरिकको सूचनाको हकको प्रभावकारी प्रचलनको सुनिश्चितता गर्नू ।

## <u>तपसिल</u>

(१) **सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

सार्वजनिक निकाय / विद्यालयको नाम

विवरण सार्वजनिक गरेको अवधि............देखि...............सम्म

१. सार्वजनिक निकायको स्वरुप र प्रकृति
२. निकायको काम, कर्तव्य र अधिकार
३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण
४. निकायबाट प्रदान गरिने सेवा
५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी
६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि
७. निर्णय गर्ने प्रक्रिया र अधिकारी
८. निर्णय उपर उजूरी सुन्ने अधिकारी
९. सम्पादन गरेको कामको विवरण
१०. सूचना अधिकारी र प्रमुखको नाम र पद
११. ऐन, नियम, विनिमय वा निर्देशिकाको सूची
१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण
१३. तोकिए बमोजिमका अन्य विवरण

राष्ट्रिय सूचना आयोग

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण

१५. सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण

१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्वन्धी विवरण

१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

१८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण

२०. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण ।

(२) **सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ बमोजिम र नियमावली, २०६५ को नियम २४क बमोजिम सूचना अधिकारी तोकी निजको विवरण सार्वजनिक गर्ने फ्लेक्स वोर्ड वा अन्य उपयुक्त माध्यममा उल्लेख हुनुपर्ने व्यहोरा**

विद्यालयको नाम

<u>सूचना अधिकारी तोकिएको विवरण</u>

**नाम -**

**फोटो-**

**सम्पर्क नम्बर-**

(३) **सूचनाको हक अन्तर्गत सूचना माग भएको र सूचना प्रवाह गरिएको अभिलेख**

**सार्वजनिक निकाय / विद्यालयको नाम**

**प्रतिवेदनको अवधि :-**

| क्र. सं. | सूचना माग गर्नेको नाम, ठेगाना र सूचना माग गरेको मिति | माग गरिएको सूचनाको संक्षिप्त विवरण | सूचना दिए नदिएको र सो निर्णयको मिति | कार्यालय प्रमुख वा सूचना अधिकारी मध्ये कुन तहबाट सूचना दिएको | सूचना नदिएको भए सो को कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| | | |
|---|---|---|
| (रत्न प्रसाद मैनाली) | (कमला ओली थापा) | (महेन्द्रमान गुरुङ्ग) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७७ साल पौष महिना ०८ गते रोज ४ शुभम् ।